नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र संख्या: ०७७/७८
चलानी नं.: ६०

मिति :२०७७/०५/२६

विषय: औद्योगिक ग्राम स्थापना सम्बन्धमा।

श्री स्थानीय तह (सबै)

प्रस्तुत विषयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प.सं.औ.पू.वा./२०७७/०७८ च.नं.४१ मिति २०७७/०५/१७ को पत्र र औद्योगिक ग्राम घोषणा तथा संचालन सम्बन्धी कार्यविधि,२०७५ संलग्न छ । विस्तृत व्यहोरा अवगत गरी औद्योगिक ग्राम घोषणाका लागि पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन, कार्यविधिमा उल्लेखित कागजातहरु र सम्बन्धित प्रदेश मन्त्रालयको सिफारिश सहित उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा प्रस्ताव पठाउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखाः website मा upload गरिदिनु हुन ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ९३०६
मिति:- २०७७/५/२९

# नेपाल सरकार
## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
(औद्योगिक पूर्वाधार तथा वातावरण महाशाखा)

सिंहदरवार,
काठमाडौं
नेपाल।
www.moics.gov.np

प.सं. औ.पू.वा./२०७७/०७८
च.नं. ४९

मिति: २०७७/०५/१७

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार ।

विषय:- औद्योगिक ग्राम स्थापना सम्बन्धमा ।

स्थानीय स्रोत, साधन, कच्चा पदार्थ, प्रविधि र सीपको परिचालन गरी लघु, घरेलु तथा साना उद्योगमा लगानी वृद्धि गरी त्यस्ता उद्योगको स्थापना विकास र प्रवर्द्धन गर्ने उद्देश्यले स्थानीय तहबाटै औद्योगिक ग्रामको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषदको निर्णयबाट औद्योगिक ग्राम घोषणा तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ स्वीकृत भई कार्यान्वयनमा रहेको छ ।

प्रत्येक स्थानीय तहमा एक औद्योगिक ग्राम घोषणा गरी सञ्चालनमा ल्याउने नेपाल सरकारको नीति अनुसार आ.व. २०७६/०७७मा नेपाल सरकार मन्त्रिपरिषदको निर्णयानुसार ४५ वटा स्थानीय तहहरुमा औद्योगिक ग्राम घोषणा भई विकास र निर्माणको चरणमा रहेका छन । यस आ.व. २०७७/०७८ मा १३० स्थानीय तहहरुमा औद्योगिक ग्राम घोषणा गर्ने कार्यक्रम रहेको छ।

उक्त कार्यविधिले संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तह समेतको सहभागितामा विकास र निर्माण गरिने औद्योगिक ग्रामको घोषणाका लागि औद्योगिक ग्राम घोषणा, विकास तथा सञ्चालन सम्बन्धी व्यवस्था गरेको हुँदा कार्यान्वयनको सिलसिलामा स्वीकृत कार्यविधि यसै साथ संलग्न राखी प्रेषित गरिएको छ ।

कार्यविधिमा भएको व्यवस्था अनुसार औद्योगिक ग्राम घोषणाका लागि पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन, कार्यविधिमा उल्लेखित कागजातहरु र सम्बन्धित प्रदेश मन्त्रालयको सिफारिश सहित यस मन्त्रालयमा प्रस्ताव गरी पठाउने व्यवस्थाका लागि समेत सबै स्थानीय तहहरुलाई जानकारी तथा आवश्यक निर्देशनका लागि निर्णयानुसार अनुरोध छ ।

शान्ता नेपाल मरासिनी
उप सचिव

बोधार्थ तथा आवश्यक कार्यार्थ:

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. २
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुदुरपश्चिम प्रदेश
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ५

फोन नं. ४२११७७९, ४२११५४९ फ्याक्स नं. ९७७-१-४२११६१९
Email: info@moi.gov.np, Website: www.moics.gov.np